बैठक संख्याः ३

स्थानः गल्छी गाउँपालिका गाउँकार्यपालिकाको हल गल्छी ६, बैरेनी ।

मितिः २०८२/०६/०५

समयः दिउँसो १:०० बजे

उल्लेखित स्थान, मिति र समयमा गल्छी गाउँपालिकाका अध्यक्ष श्री केदारनाथ खतिवडाको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा गाउँ कार्यपालिका बैठक बसी निम्नलिखित विषयमा छलफल गरी निर्णय गरियो ।

उपस्थिति

१. अध्यक्ष श्री केदारनाथ खतिवडा - गल्छी गाउँपालिका

२. उपाध्यक्ष श्री भाईकाजी तिवारी - गल्छी गाउँपालिका

३. सदस्य श्री यदु कुमार खतिवडा - गल्छी गाउँपालिका

४. सदस्य श्री षडानन्द खनाल - गल्छी गाउँपालिका

५. सदस्य श्री राजन भुजेल - गल्छी गाउँपालिका

६. सदस्य श्री राजु अधिकारी - गल्छी गाउँपालिका

७. सदस्य श्री सरोज लामा तामाङ - गल्छी गाउँपालिका

८. सदस्य श्री दिपक कुमार कार्की - गल्छी गाउँपालिका

९. सदस्य श्री हरि प्रसाद खतिवडा - गल्छी गाउँपालिका

१०. सदस्य श्री विशाल लुङ्गेली मगर - गल्छी गाउँपालिका

११. सदस्य श्री भेष कुमारी खनाल - गल्छी गाउँपालिका

१२. सदस्य श्री तुलसी अधिकारी - गल्छी गाउँपालिका

१३. सदस्य श्री दिलमाया तामाङ - गल्छी गाउँपालिका

१४. सदस्य श्री जानुका धिताल - गल्छी गाउँपालिका

१५. सदस्य श्री सृजना घले - गल्छी गाउँपालिका

१६. सदस्य श्री रमेश भुजेल - गल्छी गाउँपालिका

१७. सदस्य सचिव श्री कृष्णहरि पौडेल - प्रमुख प्रशासकीय अधिकृत

अन्य आमन्त्रित

गल्छी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैरेनी, धादिङ
बागमती प्रदेश, नेपाल

## बैठक संख्याः ३ मितिः २०८२ असोज ५

## निर्णयहरु

निर्णयहरुः-

**प्रस्ताव नं १. गल्छी गाउँपालिकाको आ.व. २०८२/८३ को संघीय र प्रदेश सरकारको स्रोतबाट सञ्चालन हुने आयोजनाहरुको ठेक्का व्यवस्थापन सम्बन्धमा**

निर्णय नं १. प्रस्ताव नं १ को सम्वन्धमा छलफल गर्दा गल्छी गाउँपालिकाको आ.व. २०८२/८३ को संघीय र प्रदेश सरकारको स्रोतबाट सञ्चालन हुने आयोजनाहरुको ठेक्का व्यवस्थापन सम्बन्धमा हालको लागि क्रमशः ठेक्काको सूचनाहरु प्रकाशन गर्दै जाने र परिवर्तित परिस्थितिमा संघीय सरकारबाट प्राप्त हुने सूचना, परिपत्र र निर्देशानुसार हुने गरी कार्यपालिकाको निर्णय समेत गराई सम्झौता गर्ने निर्णय गरियो।

**प्रस्ताव नं २. बैरेनी अस्पतालमा कार्यरत डा. सुनिल कुमार यादवले करार सम्झौता पालना नगरी अन्यत्र काम गरेको देखिंदा निजको करार सेवा नवीकरण सम्बन्धमा**

निर्णय नं २. प्रस्ताव नं २ को सम्बन्धमा छलफल गर्दा बैरेनी अस्पतालमा कार्यरत डा. सुनिल कुमार यादवले कार्यालयसँग गरेको सम्झौता वमोजिम काम नगरी अन्यत्र काम गरेको विषयमा निजलाई मिति २०८२/०४/१९ गते स्पष्टीकरण लिइएकोमा निजले २०८२/०४/२० गते कार्यालयलाई दिएको लिखित स्पष्टीकरणमा अन्य कुराका अतिरिक्त आफू हाल उच्च शिक्षा अध्ययनको तयारीमा रहेकोले नियमित On Call Duty मा बस्न कठिनाइ भएको र विहान १० बजे देखि साँझ ५ बजेसम्म मात्र Duty गर्न तयार रहेको भन्ने व्यहोरा उल्लेख गरेकोले निजलाई मिति २०८२/०४/०१ गते देखि लागु हुने गरी निजको साविक करार सम्झौतामा उल्लेखित मासिक पारिश्रमिक रु. ४८,७३७ बाहेक अन्य भत्ताहरु (नन् प्राक्टिस/अन कल भत्ता, खाजा खर्च, सञ्चार खर्च र घर भाडा) उपलब्ध नगराउने गरी बढीमा ३ महिनाको लागि करार सम्झौता नवीकरण गर्ने निर्णय गरियो।

**प्रस्ताव नं ३. स्वास्थ्य शाखा अन्तर्गत बिभिन्न जनशक्ति (जनस्वास्थ्य अधिकृत, डाक्टर, ल्याब टेक्निसियन, रेडियोग्राफर र अनमी) करारमा लिने सम्बन्धमा सूचना प्रकाशन गर्ने सम्बन्धमा**

निर्णय नं ३. प्रस्ताव नं ३ को सम्वन्धमा छलफल गल्छी गाउँपालिकाको विभिन्न स्वास्थ्य संस्थामा आवश्यक जनशक्ति (जनस्वास्थ्य अधिकृत, डाक्टर, ल्याव टेक्निसियन, रेडियोग्राफर र अनमी) करारमा लिने सम्वन्धमा सार्वजनिक सूचना प्रकाशन गर्ने निर्णय गरियो।

केदारनाथ खतिवडा
अध्यक्ष

गल्छी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैरेनी, धादिङ
बागमती प्रदेश, नेपाल